- धार्मिक अभिलेख, संख्या, २७, वैशाख २०३१, पृ. ५६
- नरेन्द्रदेवको क्रान्ती र लिच्छविको पुनरूत्थान, संख्या ४६-४८, असार मंसीर २०३५, पृ. १-४
- नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण, संख्या १०, माघ २०२६, पृ. ३७-४२
- नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण, संख्या १३, कार्तिक २०२७, पृ. ३९-४४
- पार्थिवेन्द्र मल्लको तामापत्र, संख्या १७, कार्तिक २०२८, पृ. १७-१८
- प्राचीन तमसुक ताडपत्र, संख्या ७६ असार-श्रावण २०४०, पृ. २१-२५
- प्राचीन तमसुक ताडपत्र, संख्या ७७, भाद्र-आश्विन २०४०, पृ. २३-२६
- वास्तु लक्षण, संख्या ७८, कार्तिक-मंसीर २०४०, पृ. ३८-४७
- भक्तपुरका तमसुक र ताडपत्रहरू, संख्या २२, माघ २०२९, पृ. २९-३३
- भक्तपुरको मल्लकालको ऐतिहासिक ताडपत्र, संख्या २०, श्रावण २०२९, पृ. ४२-४४
- भौमगुप्तको पतनपछिको नयाँ संवत, संख्या २९, कार्तिक २०३१, पृ. ३९-४२
- भौमगुप्त पछि अंशुवर्माको द्वैधशासन, संख्या ८५, पौष-माघ २०४१, पृ. १-८
- मल्ल कालको ताम्रपत्र र त्यसको अनुवाद, संख्या १९, वैशाख २०२९, पृ. ५१-५२
- मल्लकालिन भूमि सम्बन्धी तमसुक ताडपत्र संख्या ७५, वैशाख-जेष्ठ २०४०, पृ. ६-१०
- मालिगाउँमा प्राप्त नयाँ अभिलेखको बारेमा विचार विमर्श, संख्या १३५, कार्तिक २०५०, पृ. १-३
- योगप्रकाश मल्लका ताम्रपत्र, ताडपत्र र तमसुकहरू, संख्या ९, कार्तिक २०२६, पृ. २९-३२
- राजकुमारी जयसुन्दरीको निवास जयपल्किाग्राम, संख्या ५८, असार-श्रावण २०३७, पृ. १-४
- ललितपुरका मल्ल राजाका ताडपत्र र तमसुकहरू, संख्या ८, श्रावण २०२६, पृ. २९-३३
- लिच्छविकाल नेपालमा गुप्तहरूको राजनीति, संख्या ४९, पौष २०३५-श्रावण २०३६, पृ. १-५
- लिच्छविकालिन राजकुल, संख्या ५३-५६, भाद्र-चैत्र २०३६, पृ. १-३

- लिच्छविकालिन पुण्डी राजकुल, संख्या ५७, वैशाख-जेष्ठ २०३७, पृ. १-३
- लिच्छविकालिन दावाकोट, संख्या ५९-६०, भदौ-मंसीर २०३७, पृ. १-४
- लिच्छविकालिन सभ्यता, संख्या ६५-७४, भदौ २०३८-चैत्र २०३९, पृ. ५४-५६
- लिच्छविकालमा व्यवहार गरिएका सम्वत, संख्या ८३, भाद्र-आश्विन २०४१, पृ. १८-२१
- लिच्छविकालिन राजविहारको स्थापना काल, संख्या १२०, कार्तिक-मंसीर २०४७, पृ. २१-२४
- लिच्छविकालिन भोटाहिटीको अभिलेख, संख्या ८२, असार-श्रावण २०४१, पृ. १-४
- लुम्बिनी अञ्चलका केही ऐतिहासिक पत्र, संख्या १८, माघ २०२८, पृ. ४१-४६
- लिच्छवि सम्वतको निष्कर्षमा अनुसन्धानको बाटो, संख्या ४३-४५, पुष २०३४-जेष्ठ २०३५, पृ. १२-१४
- लिच्छविकालिन अप्रकाशित बुद्ध मूर्ति, संख्या ८०, फागुन-चैत्र २०४०, पृ. १२
- वर्णोच्चारणको वैज्ञानिकता र त्यसको लिप्यङ्कन, संख्या २३, बैशाख २०३०, पृ. ५२-५८
- ब्राम्ही तथा देवनागरी लिपिमा मतमतान्तर, संख्या २५, कार्तिक २०३०, पृ. ३९-४२
- विभिन्न सम्वतहरू मध्ये लक्ष्मण सम्वत र तिनको सम्वन्ध, संख्या १०८, कार्तिक-मंसीर २०४५, पृ. २२-२७
- सेती महाकाली भ्रमणको ऐतिहासिक सारांश, डोटीको राजनैतिक इतिहासको रूपरेखा, संख्या ३०, माघ २०३१, पृ. ११९-२२
- शिलालेख र त्यसको अनुवाद, संख्या १६, श्रावण २०२८, पृ. ३१-३६
- सैद्धान्तिक एवं निष्कर्ष, संख्या ४०, श्रावण २०३४, पृ. ६-१२
- सिद्धिनरसिंह मल्लका ताडपत्र तमसुकहरू, संख्या ४, कार्तिक २०२५, पृ. २३-२६
- सुदुर पश्चिमाञ्चल क्षेत्र अन्तरगतको जोरायल, संख्या ८१, वैशाख-जेष्ठ २०४१, पृ. २५-२७
- हाम्रो नृत्येश्वर, संख्या १०१, भाद्र-आश्विन २०४४, पृ. १२-१५
- हाम्रो वर्णमालाको महत्त्व, संख्या २४, श्रावण २०३०, पृ. ३२-३४
- हिन्दू वर्णमाला र तिनका अधिपति, संख्या ६, माघ २०२५, पृ. ३०-३५
- श्री ५ पृथ्वीनारायण शाहको लालमोहर र धैवुङ्गको अभिलेख, संख्या ३, वैशाख २०२५, पृ. २६-३२
- श्री निवास मल्ल र योगनरेन्द्र मल्लका ताडपत्र र तमसुकहरू, संख्या ५, कार्तिक २०२५, पृ. २९-३३
- श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी र जन्म कुण्डलीको व्याख्या, संख्या १२, श्रावण २०२७, पृ. ३९-४३

राजवंशी शङ्करमान, बच्चुराम शर्मा दाहाल, गंगा प्रसाद चालिसे र धर्मरत्न बज्राचार्य

- डोटी र डडेल्धुराको ऐतिहासिक सर्भेक्षण प्रतिवेदन, संख्या ७८, कार्तिक-मंसीर २०४०, पृ. १७-३५

रिजाल, बाबुकृष्ण

- लिच्छविकालिन दुई माटाका छाप, संख्या १४, माघ २०२७, पृ. ५५-५६
- लिच्छविकालिन केही ब्रम्हाको मूर्तिहरू, संख्या १०, माघ २०२६, पृ. ४३-४५

रिसाल, मधुसुदन

- मोक्ष सिद्धि, संख्या ८, श्रावण २०२६, पृ. ३९-४२

रिसाल शिव गोपाल

- शाहवंशका राजाहरूको छत्रछायामा नेपाली साहित्यको विकास, संख्या ३०, माघ २०३१, पृ. १-१८

रेग्मी, ऋषिकेशव राज

- कोशीको थारू समुदाय र तिनका परिवर्तनशिल संस्कृति, संख्या २३, वैशाख २०३०, पृ. १३-५१

- पूर्वी नेपालका धिमाल, संख्या १७, कार्तिक २०२८, पृ. १९-५१
- पालुङ्गको मानवशास्त्रीय सर्भेक्षणको प्रतिवेदन, संख्या १०, माघ २०२६, पृ. ३१-३६

रेग्मी जगदीशचन्द्र

- गोपाल वंशावली, संख्या २१, कार्तिक २०२९, पृ. ४४-५५
- गोपाल वंशावली, संख्या २२, माघ २०२९, पृ. ३४-५३
- प्रताप मल्लका पालाका पाँच अभिलेख, संख्या १३, कार्तिक २०२७, पृ. ३३-३८
- नेपालेश्वरसंग भिक्षा याचना, संख्या ९८-९९, फागुन २०४३, जेष्ठ २०४४, पृ. १-३
- सम्वत १९०९ को एक टिपोट किताब, संख्या १०८, कार्तिक-मंसीर २०४५, पृ. ५-२१
- वंशावली र वंशावलीहरू, संख्या ११४, कार्तिक-मंसीर २०४६, पृ. ८-१७
- प्राचीन नेपाली समाज, संख्या १०२, कार्तिक-मंसीर २०४४, पृ. २३-२६
- श्री ३ जुद्धः केही टिपोटहरू, संख्या १०४, फागुन-चैत्र २०४४, पृ. १-७

रेग्मी, शिव

- भादगाउँ पाठशाला, संख्या १२१-२२, पुष-चैत्र २०४७, पृ. १३-१६

लम्साल, देवी प्रसाद

- अश्वमेघिय यात्रा, संख्या ५, कार्तिक २०२५, पृ. २१-२८
- जल विज्ञान, संख्या ७, वैशाख २०२६, पृ. ३७-४१
- विवाह पटल, संख्या ८, श्रावण २०२६, पृ. ४३-४५
- मानव शरीरमा अगुष्ठको स्थान, संख्या ११, वैशाख २०२७, पृ. ३६-३८
- वेद पुराण एक अनुशीलन, संख्या ४०, श्रावण २०४०, पृ. १३-१८
- सुमतितन्त्र, संख्या १, आश्विन २०२४, पृ. ५-१०
- हिन्दू विवाह पद्धतिको वैधानिकता, संख्या ९, कार्तिक २०२६, पृ. ४१-४६

लम्साल देवी प्रसाद, राधेश्याम भट्टराई

- जनकपुर अञ्चलको पुरातात्त्विक सर्भेक्षण २०२८, संख्या २६, माघ २०३०, पृ. २३-३५

लम्साल देवी प्रसाद, वलराम चित्रकार र राधेश्याम भट्टराई

- रसुवा र धादिङ्ग जिल्लामा गरिएको अनुसन्धान भ्रमण, संख्या ३०-३९, माघ २०३१ वैशाख २०३४, पृ. २३-३८

शर्मा जनकलाल

- नेपालमा मानवजातिको पुर्खा संख्या ६१-६४, पौष २०३७, श्रावण २०३८, पृ. १-१५
- चितवनदेखि जनकपुरसम्मका केही पुरातात्त्विक स्थल, संख्या २, माघ २०२४, पृ. १-१०
- डोल्पो र केही अन्य स्थलका पुरातात्विक उपलब्धी, संख्या १५, वैशाख, २०२८, पृ. १-३८
- सचोजात, संख्या १२८-२९, फागुन २०४८-जेष्ठ २०४९ , पृ. १-१०
- वराहक्षेत्र र केही अन्य स्थल, संख्या ४, श्रावण २०२५, पृ. २७-३६

शर्मा, डिल्ली राज

- सृष्टीको प्रतिक लिङ्ग पूजा, संख्या ९८-९९, फागुन २०४३-जेष्ठ २०४४, पृ. २६-३१

शर्मा, बालचन्द्र

- काठमाडौं उपत्यकाको एक राजवंशावली, (सम्पादक), संख्या ४, श्रावण २०२५, पृ. १-१५
- काठमाडौं उपत्यकाको एक राजवंशावली, संख्या ५, कार्तिक २०२५, पृ. १-१७
- काठमाडौं उपत्यकाको एक राजवंशावली, संख्या ६, माघ २०२५, पृ. १-२९

शाक्य, हेमराज

- नेपाली कलामा बुद्ध जीवनी, संख्या १०, माघ २०२६, पृ. ४६-४७

शिवाकोटी, शेषराज

- नेपालमा मृत्युदण्ड उन्मूलन गर्ने सम्बन्धी वि.सं. १९९३ सालको अप्रकाशित सनद, संख्या ८०, फागुन-चैत्र २०४०, पृ. ९-११

शैयद, रेहाना वानु

- तारिखे सरमौर (अनु), संख्या ३०, माघ २०३१, पृ. ९६-१०८

श्रेष्ठ, मदन कृष्ण

- नेपाली समाजमा गोपाली एक परिचय, संख्या ७९, पौष-माघ २०४०, पृ. ९-१२

श्रेष्ठ, इश्वरमान सिन्या

- ललितपुर दरवार संरक्षित स्मारक क्षेत्रको समस्या र समाधान एक विवेचना, संख्या ११०-१२, फागुन २०४५-साउन २०४६, पृ. ४७-५५

श्रेष्ठ, कल्पना

- काठमाडौंमा मनाइने पाया, र त्यसको ऐतिहासिक महत्त्व, संख्या १३५, कार्तिक २०५०, पृ. ४-१२

श्रेष्ठ, राजश्री

- ललितपुरको छिन्नमस्ताः एक संक्षिप्त अध्ययन, संख्या १३५, कार्तिक २०५०, पृ. १३-१६

श्रेष्ठ, शोभा

- गोकर्णेश्वर महादेव मन्दिर जीर्णोद्धार, संख्या १०६, असार-श्रावण २०४५, पृ. २४-३०
- पुरातत्त्व विभागको गतिविधि (आ.व. २०५४/५५) संख्या १४३, आषाढ २०५६, पृ. २५-६४
- पुरातत्त्व विभागको गतिविधि (आ.व. २०५५/५६) संख्या १४४, चैत्र २०५६, पृ. ५६-६४
- पुरातत्त्व विभागको गतिविधि (आ.व. २०५६/५७) संख्या १४६, कार्तिक २०५७, पृ. ५२-६२
- बौद्धनाथको परिचय वातावरण संरक्षणमा देखा परेका समस्या समाधानका उपायहरू, संख्या ११०-१२, फागुन २०४५-श्रावण २०४६, पृ. ३४-४०
- साम्राज्येश्वर महादेव मन्दिर तथा धर्मशालाको संरक्षण तथा सम्बर्द्धन एक जानकारी, संख्या १४७, असार २०५८, पृ. ४९-५४

श्रेष्ठ, शुक्रसागर

- चाँगुनारायण संरक्षित स्मारक क्षेत्रको परिचय महत्त्व र वातावरण संरक्षणमा देखा परेका समस्या र समाधानका उपायहरू, संख्या ११०-१२, फागुन २०४५-साउन २०४६, पृ. ५६

श्रेष्ठ पुरूषोत्तम लोचन

- तान्त्रिक आधारमा नवदुर्गा नाचको शुरूआत, संख्या १०७, भाद्र-आश्विन २०४५, पृ. ३०-४१
- भक्तपुर तलेजुको राजेन्द्र विक्रम शाहको अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र, संख्या १४२, बैशाख २०५६, पृ. ३१-३८
- भक्तपुर तलेजुको था पूजाः एक ऐतिहासिक विश्लेषण, संख्या १०४, फागुन-चैत्र, २०४४, पृ. ८-१८
- सुवर्णद्वार, संख्या १४१, असार २०५५, पृ. ३८-४५
- भक्तपुरका असुरक्षित अभिलेख, संख्या १४७, असार २०५८, पृ. २४-४०

सम, बालकृष्ण

- नेपाली संस्कृतिको भूमिका, संख्या ३, वैशाख २०२५, पृ. १-५

सिंह सरस्वती

- गणपत्य सम्प्रदाय र चोभारका जलविनायक, संख्या १४६, कार्तिक २०५७, पृ. ३५-४१

सुवेदी ओम प्रकाश

- सांस्कृतिक परिप्रेक्ष्यमा हलेसी महादेव, संख्या १४२, बैशाख २०५६, पृ. ४७-५६

सुवेदी, राजाराम

- कास्की राज्यको न्याय प्रणाली, संख्या १०३, पुष-माघ २०४४, पृ. १५-२२
- जालन्धरी राजा, संख्या १४१, असार २०५५, पृ. ३१-३७

- मकवानपुर राज्य, संख्या १४७, असार २०५८, पृ. ४१-४८
- वीरशाली पन्तको जीवनीमा नयाँ प्रकाश, संख्या ७५, बैशाख-जेष्ठ २०४०, पृ. ११-१५
- श्री १०८ हंसानन्द स्वामी परमहंस, संख्या ८६-८८, फागुन २०४१-साउन २०४२, पृ. २८-३१
- नेपालका धर्माधिकारीहरू, संख्या ९१, पौष-माघ २०४२, पृ. ११-१८
- सपालदक्ष साम्राज्यको अवसानपछि, संख्या ९२-९७, फागुन २०४२-माघ २०४३, पृ. १-७
- सिद्ध मिननाथ, संख्या १२०, कार्तिक-मंसीर २०४७, पृ. १४-२०
- उदुम्बरपुरी, संख्या ८३, भाद्र-आश्विन २०४१, पृ. २२-२८
- नेपालको धरहरा, संख्या ८०, फागुन-चैत्र २०४०, पृ. १३-१७
- साझा वाजे मलैबम्म, संख्या १०१, भाद्र-आश्विन २०४४, पृ. १-६

क्षेत्री, दिल बहादुर

- नेपालमा दास प्रथा मोचनका प्रयास र सफलता, संख्या ९२-९७, फागुण २०४२-माघ २०४३, पृ. १४

त्रिपाठी, चन्द्र प्रसाद

- प्राचीन तामाङ्ग बस्तीमा, तिमालको इतिहास प्रकाश, संख्या ९१, पौष-माघ २०४२, पृ. ६-१०

ज्ञवाली, सूर्यविक्रम

- नेपाली तथा समुद्र यात्रा, संख्या १९, बैशाख २०२९, पृ. ४५-४७
- नेपाली संस्कृतिको ऐतिहासिक आधार, संख्या १, आश्विन २०२४, पृ. १-४
- बुद्ध परिनिर्माण सम्वतका विषयमा नेपाली मत, संख्या १६, श्रावण २०२८, पृ. २९-३०
- जय प्रकाश मल्लको घोडा, संख्या १७, कार्तिक २०२८, पृ. १५-१६
- इतिहास शिरोमणि बाबुराम आचार्यको स्मृतिमा, संख्या २१, कार्तिक २०२९, पृ. ५६-५९
- शाहवंशका केही राजाहरूका राज्यकालका विषयमा विचार, संख्या ९ कार्तिक २०२६, पृ. ३३-३५

सम्पदा संरक्षण, संलग्न संस्था र देखिएका समस्याहरू

– शोभा श्रेष्ठ

भूमिका

नेपाली संस्कृति र सभ्यताको निधिको रूपमा रहेका हाम्रा ऐतिहासिक तथा धार्मिक स्मारकहरू, पुरातात्त्विक स्थलहरू, कलात्मक तथा पुरातात्त्विक वस्तुहरू, धार्मिक नाच, जात्रा, रीतिरिवाज तथा पर्वहरू सबैको संरक्षण गर्नु आजको चिन्तनको विषय हो । हाम्रो देशको भौतिक तथा साँस्कृतिक सम्पदाको रूपमा रहेका वास्तुकला, मूर्तिकला, ऐतिहासिक वस्तुहरू, स्मारकहरू, निजी ऐतिहासिक घर भवनहरू तथा अभिलेखहरूले तत्कालिन जीवनशैली र संस्कृतिको परिचय दिएको छ । हाम्रो देशमा यस्ता अमूल्य साँस्कृतिक भण्डारहरू अनगिन्ती रूपमा विद्यमान छन् । जुन नेपाली मात्रको गौरव, प्रतिष्ठा र इज्जत हो र यसको संरक्षण गर्नु सम्पूर्ण नेपालीको जिम्मेदारी पनि हो । नेपाली संस्कृति, तथा सभ्यताका रूपमा रहेका ऐतिहासिक तथा धार्मिक स्मारकहरू पुरातात्त्विक स्थल तथा वस्तुहरू, धार्मिक नाचगान तथा परम्परागत रीतिरिवाजहरूले नेपाल अधिराज्यको सर्वाङ्गीण विकासको लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । देशमा रहेका प्राचीन सम्पदाहरूको संरक्षण तथा जीर्णोद्धारबाट एकातिर राष्ट्रको अमूल्य साँस्कृतिक धरोहरहरूको संरक्षण हुन्छ भने अर्कोतिर यसले पर्यटन उद्योगको विकासमा ठोस योगदान पुऱ्याएको हुन्छ ।

यस प्रकारका पुरातात्त्विक स्मारक तथा ऐतिहासिक वस्तुहरू नेपाल अधिराज्यभरि छरिएर रहेका छन् । यी सम्पदाहरूको संरक्षण गर्नु हामी सबैको जिम्मेवारी हो तापनि श्री ५ को सरकार पुरातत्त्व विभागलाई जिम्मेवार निकाय तोकेको हुनाले यस विभागले विशेष ध्यान पुऱ्याउनु परेको छ । प्राचीन स्मारकहरूको संरक्षण तथा संचालन गर्ने विभिन्न निकायहरू जस्तैः- राजगुठी, छुटगुठी, निजी दाताहरूको दायित्व भए तापनि यी निकायहरू विभिन्न कारणले निश्कृय र उदाशीन हुनुका साथै आफ्नो दायित्वलाई सीमित गर्दै लैजाने परम्पराको विकास भएकोले अधिराज्यको पचहत्तरै जिल्लामा रहेका स्मारकहरूको संरक्षण सम्वर्द्धन गर्ने सम्पूर्ण दायित्व पुरातत्त्व विभागको हुन थालेको छ ।

स्मारक भग्न हुने कारण

हामी सम्पदा संरक्षणको कुरा गर्दा यी सम्पदाहरूको नास हुने कारणमा पनि ध्यान पुग्न जान्छ । धेरै कारणहरू मध्ये खास गरी प्राकृतिक र मानविय कारणलाई लिन सकिन्छ । प्राकृतिक कारण भन्नासाथ हामी १८९०/१९९० को महाभूकम्पलाई बिर्सन सक्दैनौं । १८९० को भुकम्पको आँकडा (लागत) नभए तापनि १९९० सालको महाभुकम्पमा

काठमाडौंको ५६ स्मारकहरू, ललितपुरका २५९ स्मारकहरू र भक्तपुरका १७७ स्मारकहरू बिग्रेको तथ्याङ्क पाइन्छ । ती मध्ये कति बने कति बन्न सकेन र बनेको पनि आफ्नो स्वरूपमा बने बनेन भन्ने तर्फ हामीले विश्लेषण गर्नु भन्दा पनि यस समयमा त्यस्तो परिस्थितिमा जे जति बनाइयो त्यसको हामीले दाता प्रति आभार व्यक्त गर्नु पर्छ । त्यसबखत जीर्णोद्धार हुँदा तीनवटा छानालाई एउटामा, एउटा छानालाई गुम्बजमा गरी जे जसरी सकियो संरक्षण गरेको विवरण पाइन्छ । (नेपाल महाभूकम्प ब्रम्ह शम्सेर)

अहिले पर्यावरण (Climatic Condition) ले पनि स्मारकहरूको क्षति हुनमा सघाउ पुऱ्याइरहेको छ । त्यस्तै स्मारकहरूको भग्न हुनुमा मानविय कारणहरू पनि उत्तिकै महत्त्वपूर्ण छ । त्यसमा खासगरी तोडफोड, संरक्षण कार्यमा अनुत्तरदायी र बढ्दो शहरीकरण प्रमुख रहेको छ । हाम्रा यी नाजुक सम्पदाहरू विभिन्न समयमा भएको भुकम्प, सामाजिक तथा राजनैतिक चापहरूको मारबाट बचेका पाइएका छन् । तर प्रश्न उठ्छ के यी सम्पदाहरूलाई अहिले भइरहेको अनियन्त्रित शहरीकरणबाट बचाई राख्न सकिएला ? स्मारकसँगै ठूलाठूला भवन निर्माण, विद्युत र टेलिफोनको तारहरू जतातनै फुन्डिनु, सडक विस्तार हुनु आदि ।

स्मारकहरूको संरक्षण गर्ने परम्परा

हाम्रा स्मारकहरूको संरक्षण गर्ने परम्परा प्राचीन समयदेखि नै प्रचलनमा रहेको पाइन्छ । लिच्छवि समयमा यो काम गर्ने संस्थालाई गोष्ठी भनिन्थ्यो र यही गोष्ठीबाट संरक्षण सम्बन्धी काम हुन्थ्यो । मल्लकालमा आएर संरक्षण गर्ने निकायको अलि विकास भएको पाइन्छ । नियमित सरसफाई, मर्मत सम्भार गर्ने गुठीहरू बने । शाहकालमा आएर यी सम्पूर्ण काम गर्न छेमभडेल अड्डाको स्थापना गरियो । यसको काम दरबारहरू र सार्वजनिक स्मारक तथा भवनहरूको जीर्णोद्धार मर्मत गर्नु थियो । पछि उक्त अड्डा, राजगुठी तथा छुट गुठी सबैले गर्ने कामहरू गर्न २०२१ सालमा गुठी संस्थानको स्थापना भएको हो । जुन समयमा यी स्मारकहरूको निर्माण भयो त्यस वखत दाताहरूले पुजापाठ, जात्रापर्व संचालन गर्न रेखदेख तथा मर्मत सम्भार गर्न व्यवस्थित ढंगबाट गुठी जग्गाहरू राख्ने गरेको कुरा शिलापत्र, अभिलेख र अन्य दस्तावेजबाट थाहा पाइन्छ । तर अहिले ती जग्गाहरू सबै कहाँ छन्, कसले उपभोग गरिरहेका छन् भन्ने कुरा सम्पूर्ण स्मारकहरूको स्वामित्त्व बोकेर बसेको गुठी संस्थानले पनि प्रष्ट रूपमा भन्न सक्ने स्थिति छैन ।

पुरातत्त्व विभागको कार्य क्षेत्र

श्री ५ को सरकारको विकास योजनामा पुरातत्त्व विभागले गर्नु पर्ने कार्यहरूको लागि ज्यादै सीमित मात्रामा बजेट विनियोजित हुने भएकाले कार्य क्षेत्रको तुलनामा लगानी रकम धेरै कम भएकोले रकम र कार्यमा सामञ्जस्य स्थापित गर्न विभागलाई धेरै कठिनाई परेको छ । तर पनि प्राप्त श्रोत र साधनबाट सकेसम्म बढी कामहरू संचालन गर्ने तर्फ विभागको कोशिश रहेको छ ।

यता केही वर्षदेखि साँस्कृतिक सम्पदा संरक्षण कार्यमा लगानी रकमको अनुपातमा केही वृद्धि हुँदै आएको छ । तर पनि पचहत्तर जिल्लामा रहेका स्मारकहरूको संरक्षण गर्न विगत चार वर्षमा विकास तर्फको राष्ट्रिय वार्षिक बजेटको के कति प्रतिशत रकम यस क्षेत्रमा लगानी भएको छ संलग्न तालिकाबाट प्रष्ट हुने छ ।

आ.व.	विकास तर्फको राष्ट्रिय बजेट (रू. हजारमा)	यस विभागको विकास बजेट (रू. हजारमा)	राष्ट्रिय विकास बजेटको अनुपातमा विभागको विकास बजेटको प्रतिशत
०५४/५५	३४०,३८,८४८	५७,२८०	०.१६८५
०५५/५६	३,७७,४१,१५३	५४,७४०	०.१४५५
०५६/५७	४,१८,५१,८९४	४६,२२५	०.११०५
०५७/५८	४,८१,०८,५८९	४९,५००	०.१०२९

यसरी रकम र जीर्णोद्धार गरिने स्मारकहरूमा सामञ्जस्यता मिलाउन विभागले पचहत्तर जिल्लामा गरेको सर्भेक्षण प्रतिवेदन, विभिन्न सरकारी र गैर सरकारी संस्था, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसदज्यूहरूबाट प्राप्त निवेदनहरू, प्राविधिकबाट स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदनहरू, मन्त्रीज्यूहरूबाट तोक आदेश भई आउने निवेदनहरू अध्ययन गरी, आवश्यकता अनुसार प्राविधिकहरूलाई अध्ययन गराई प्राथमिकताको आधारमा स्मारकहरूको छनौट गरिन्छ। यसरी प्राथमिकता तोक्दा स्मारकको ऐतिहासिक महत्त्व, वास्तुकलाको महत्त्व, ठाउँ विशेषको महत्त्व र कुनै समयलाई प्रतिनिधित्व गरेको र भग्न अवस्थामा रहेको आदि कुरामा ध्यान दिइन्छ। तर कहिले काहीँ महत्त्वपूर्ण नभएका गर्नु नपर्ने स्मारकहरूको संरक्षण गर्नु पर्ने बाध्यता पनि हुन्छ।

संरक्षण प्रकृया

स्मारकहरूको संरक्षण गर्दा त्यसको मौलिक स्वरूपलाई यथावत राखी गर्नु पर्ने हुन्छ। मौलिक स्वरूप भन्दा नाप नक्सा तथा आकार प्रकारलाई कायम राख्ने तिर मात्र ध्यान दिने होइन की त्यसमा कुन प्रकारको सामाग्रीहरू प्रयोग भएका छन्। कुन प्रविधि अपनाइएको छ। त्यसलाई पनि ध्यान दिनु आवश्यक छ। जस्तैः- ईटाहरूको आकार, प्रकार त्यहाँ प्रयोग गरिएका मसलाहरू, ढुंगा, काठको काम आदिलाई समेत दृष्टि पुऱ्याउनु आवश्यक छ। यसरी जीर्णोद्धार गर्दा पुरानो बुट्टेदार काठहरू (टुंडाल, तोरण, मेथ, थाम) पनि सबै फेर्नु आवश्यक छैन। कीरा लागेर अति जीर्ण अवस्थामा रहेमात्र फेरिन्छ अन्यथा रसायन संरक्षण गरी consolidate गरेर पुनः प्रयोग गरिन्छ। तर भारवहन काठहरू जस्तै- निदाल, धुरी आदिमा भने बडो ध्यान पुऱ्याउने गरिन्छ। विभिन्न निकायबाट गरिने जीर्णोद्धार कार्यमा एउटा के परम्परा हामीहरू पाउँछौं भने जीर्णोद्धार भएको बेलामा सम्पूर्ण नयाँ गर्ने, फेर्नु नपर्ने काठ आदि पनि फेर्ने। यो हुनुमा पनि कारण छ किनभने सबैलाई यहि लाग्दछ जीर्णोद्धार गर्दा राम्रो, बलियो गर्ने, यस्तो भावना सबैमा हुनु राम्रो हो तर त्यसबाट एउटा नकारात्मक प्रभाव पर्न सक्दछ। किनकी पुरातात्त्विक सिद्धान्तमा जीर्णोद्धार गर्दा बढी से बढी पुरानो सामान प्रयोग गर्ने, यसरी प्रयोग गर्न नसकिने अवस्थामा मात्र पुरानै ढाँचाको नयाँ लगाउने। स्मारक संरक्षणहरू गर्दा के कसरी गर्नु पर्छ भन्ने बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षणविद्हरूको विभिन्न समयमा विभिन्न ठाउँमा सभा सेमिनार भएको छ। तर इटालीको Venice मा सन् १९६४ मा बसेको बैठकले गरेको निर्णय जसलाई Venice Charter भनिन्छ। त्यसलाई नै बढी आधारको रूपमा लिने गरिन्छ, त्यसमा संरक्षण गर्ने बारेमा यसरी उल्लेख गरिएको छ।

The process of restoration is a highly specialised operation. Its aim is to preserve and reveal the aesthetic and historic value of the monument and is based on respect for original material and authentic document. It must stop at a point where conjecture begins and in the case moreover any extra work which is in dispensible must be distinct from the architectural composition and must bear a contemporary stamp.

Replacement of missing parts must integrate harmoniously with the whole but at the same time must be distinguishable from the original so that restoration does not falsify the artistic and historic evidence.

Additions can not be allowed except in so far as they do not detract from the interesting parts of the building, its traditional setting, the balance of its composition and its relation with its surroundings.

संरक्षण कार्यमा संलग्न स्थानीय निकायहरू

यता केही समयदेखि नगरपालिका, वडा कार्यालय तथा स्थानीय निकाय र स्थानीय जनताहरू पनि सम्पदा संरक्षण कार्य गर्न जागरूक र उत्साहित भएको पाइएको छ। त्यो एउटा उत्साहजनक प्रगति हो। तर यसमा समस्या के देखिएको छ भने पुरातात्त्विक मापदण्डलाई त्यतिको ध्यान

दिएको पाइदैन । दची अपाको बदलामा सिमेन्ट प्लाष्टर गर्ने, मन्दिरको गाह्रोहरूमा टाइलहरू तथा मार्वलहरू टाँस्ने, इनामेल पेण्ट गर्ने जस्ता कार्यहरू भएको पाइन्छ किनकी झिलीमिली रङ्गीचङ्गी भए राम्रो हुन्छ भन्ने जन धारणा पाइन्छ । प्राचीन स्मारक संरक्षण ऐन अनुसार कुनै पनि मठ मन्दिर, पाटी पौवा, आदि स्मारकहरूको मर्मत सम्भार तथा जीर्णोद्धार कार्य गर्न विभागको स्वीकृति लिनु पर्ने कानूनी प्रावधान भए पनि त्यस्तो स्वीकृती नलिई आफू खुशी स्वरूप नै बदलेर जीर्णोद्धारका नाउँमा पूर्ण रूपले नयाँ निर्माण गरेको उदाहरण पाइन्छ । विभागले मौलिक स्वरूप कायम गरी जीर्णोद्धार गर्न आवश्यक स्वीकृति दिएर पठाए तापनि काम गर्दा सो विपरित गरेको उदाहरण धेरै पाइन्छ ।

संरक्षण कार्यमा संलग्न वैदेशिक निकायहरू

स्मारक संरक्षण कार्यमा स्थानीय निकायहरूको अलावा विभिन्न मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको पनि संलग्नता रहेको छ । हाम्रा यी स्मारकहरूको संरक्षण कार्यमा युनेस्को नै पहिलो अन्तर्राष्ट्रिय संस्था हो जसको संलग्नतामा सत्तरीको दशकमा हनुमानढोका दरवारहरूको जीर्णोद्धार कार्यहरू भएको थियो । त्यसपछि भक्तपुरको पुजारीमठको जीर्णोद्धारमा जर्मन सरकारको संलग्नता रहेको थियो । खास गरी पुजारी मठको जीर्णोद्धार परियोजना जर्मन सरकारबाट स्व. श्री ५ वीरेन्द्र तथा स्व. श्री ५ वडामहारानी ऐश्वर्यको शुभविवाहको उपलक्ष्यमा उपहार स्वरूप प्रदान गरिएको हो । त्यसपछि पनि जर्मन सरकारको सहयोगमा भक्तपुरमा लामो समयसम्म भक्तपुर विकास परियोजनाको नाउमा जीर्णोद्धार कार्यक्रम तथा विकास सम्बन्धी एकिकृत कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यलाई निरन्तरता दिन नै श्री ५ को सरकारबाट भक्तपुरमा स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालयको स्थापना गरिएको र सो कार्यालयबाट भक्तपुर क्षेत्रको स्मारकहरूको जीर्णोद्धार तथा संरक्षण गर्ने गरेको छ । सन् १९७९ मा युनेस्कोले काठमाडौं उपत्यकाको सात क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गरिए पछि यहाँ रहेको स्मारहरूको संरक्षण कार्यमा सघाउ पुऱ्याउन युनेस्कोले Safeguarding Cultural Heritage of Kathmandu Valley को लागि International Campaign को आह्वान गरेको थियो । यसको लगत्तै असिको दशकदेखि नब्बेको पूर्वार्द्धसम्ममा विभिन्न मित्र राष्ट्र, दातृ संस्थाहरूबाट स्मारक संरक्षण कार्यका लागि आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भई यस क्षेत्रमा धेरै कामहरू पनि भएका थिए । त्यस अनुपातमा अहिले मित्रराष्ट्र तथा दातृ संस्थाको सहयोग न्यून रहेको छ ।

यसरी एकातिर यस प्रकारको सहयोगबाट स्मारकहरूको संरक्षण कार्यबाट सघाउ पुगेको छ भने अर्कोतिर अदृष्य रूपमा आइरहने दातृपक्षको दवाव पनि नकार्न सकिदैन । यी दातृ संस्था अथवा युनेस्को आफैले पनि विश्व सम्पदा क्षेत्रमा रहेका स्मारकहरू सिमेन्ट र डण्डीहरू प्रयोग गरी रिङ्ग विम राखी कन्क्रीट ढलान गरी जीर्णोद्धार गरेको उदाहरण नपाइएका पनि होइन । अहिले आएर यी संस्थाहरूबाट विश्व सम्पदा क्षेत्रको निजी घरहरूमा समेत सिमेन्ट लगाउन नपाउने, टप निकाल्न नपाइने, ढलान गर्न नपाइने, जीर्ण अवस्थामा रहेका घरहरू पनि नभत्काई यथास्थितिमा जीर्णोद्धार गर्नु पर्ने गरी बन्देज लगाउन दवाव दिने गरिएको छ । यसो नगरेमा विश्व सम्पदा सूचीलाई खतराको सूचीमा राख्ने धम्की पनि दिने गरेको छ । उनीहरूले औंल्याएका कति कार्यहरू गरी सकिएको छ तापनि निजी ऐतिहासिक घरहरू भत्कायो अथवा टप निकाल्यो भन्ने कुरालाई ठूलो समस्याको रूपमा देखाउने गरेको छ । यो बन्देज कतिको व्यवहारिक छ त्यतातिर भने कसैले ध्यान दिएको देखिदैन । जनसंख्याको बढी प्रतिशत आर्थिक रूपमा सम्पन्न नभएको र धेरैले आफ्नो जीवनभर लगाएर कमाएको रकमबाट एउटा घर बनाउने गरेको सन्दर्भमा यसरी बन्देज लगाएकै कारणबाट पनि स्थानीय जनताबाट हामीले पाउनु पर्ने आवश्यक सहयोग पाइरहेको छैन । त्यसले गर्दा धेरै व्यक्तिहरूले विदाको अथवा अन्य यस्तै अवसर पारेर नियम विपरित घर निर्माण गर्ने गर्दछन् । एकचोटी घर बनाई सकेपछि भत्काउने भन्ने कुरा धेरै कठिन कार्य हो, यस्ता कति घर हामीले भत्काउन सकेको छौं त ? यस परिस्थितिमा हामीले वडो ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

युनेस्कोले दवाव दिदैमा आँखा चिम्लेर लाग्नु पर्छ भन्ने छैन । स्मारक क्षेत्रलाई खतरामा राख्न धम्की दिइरहने परिप्रेक्ष्यमा यिनीहरूको सहयोग तर्क संगत छ छैन विचार गर्नु पर्ने स्थिति छ । साथै हाम्रा स्मारक क्षेत्रहरूलाई विश्व सम्पदा सूचीमा राखेर मात्रै यसको महत्त्व बढेको हो त ? के विश्व सम्पदामा नराखेको भए विभिन्न राष्ट्रका पर्यटकहरू यसलाई हेर्न आउने थिएनन् ? अथवा आएर पनि आँखा चिम्लेर जाने थिए त ? युनेस्कोको नेपाल प्रवेश भन्दा पहिलेदेखि नै विश्वका पर्यटकहरू यहाँ आएर हाम्रा सम्पदाहरूको अवलोकन गरेर प्रशस्त मात्रामा यसका उल्लेख गरेको पाइएको छ । साथै दातृ संस्थाबाट सम्पदा संरक्षणको नाममा आउने रकमको कति प्रतिशत संरक्षणमा खर्च हुन्छ र कति त्यहाँबाट आउने प्राविधिकहरूमा खर्च हुन्छ, के हामीले लेखाजोखा गर्न सकेका छौं ? आखिरमा यो रकम हाम्रै देशको नाउमा खर्च जनाइने त हो । साथै श्री ५ को सरकारको सहयोगको लागि भनेर भिसा सहुलियतमा आउने प्राविधिकहरू आफ्नो कार्य क्षेत्र भन्दा बाहिर संलग्न रहेर अन्य काम पनि गरिरहेका छन् । श्री ५ को सरकारले यसको मूल्याङ्कन, अनुगमन गर्नु पर्ने होइन र ? यो भनेर उनीहरूलाई मात्र दोष दिन लागिएको होइन । हामी आफै हाम्रो सम्पदा प्रति सचेत र जागरूक भएनौ भने संधै यसरी नै निरही भएर बस्नु पर्ने वाध्यता रहने छ ।

देखा परेका समस्याहरू

स्मारकहरूको संरक्षण कार्यमा मुख्य रूपमा देखा परेका समस्याहरू हुन् ।

१) आर्थिक पक्ष

२) प्राविधिक पक्ष

३) कार्यान्वयन पक्ष

१) आर्थिक पक्षः- नेपाल अधिराज्यभरि छरिएर रहेका जीर्ण अवस्थामा रहेका कतिपय स्मारकहरूको अझसम्म पनि जीर्णोद्धार हुन सकेको छैन । पचहत्तर जिल्लामा रहेको विभिन्न स्मारकहरूको संरक्षण कार्यको लागि आर्थिक अनुदान सहयोग माग गर्दै पर्न आउने निवेदनहरू एक वर्षमा करीब तीन चार सय भन्दा बढी हुन्छ । तर प्राप्त निवेदन र विनियोजित रकम बीच सामञ्जस्य गर्न विभागलाई धेरै गाह्रो पर्ने हुँदा सबै निवेदनहरूलाई कार्यान्वयन गर्न विभाग असमर्थ छ । यसमा पनि जीर्णोद्धार कार्यमा नयाँ निर्माण भन्दा बढी रकम र समय लाग्ने हुन्छ ।

२) प्राविधिक पक्षः- २००९ सालमा स्थापना भएको यस विभागले लामो समयसम्म एकदम न्यून प्राविधिक जनशक्तिबाट जीर्णोद्धार कार्यहरू गर्ने गरेको थियो । केही वर्ष यतादेखि मात्र प्राविधिक जनशक्तिहरूमा केही वृद्धि गरिएको छ । तर पनि विभागले स्मारकहरूको संरक्षण मात्र होइन, उत्खनन् सर्भेक्षण आदि पनि गर्नु पर्ने सन्दर्भमा भएको जनशक्तिबाट पचहत्तर जिल्लामा काम गर्नु कठिनाई छ । कार्य क्षेत्र विस्तृत भएको तुलनामा जनशक्तिको विकास हुन नसक्दा एक जना प्राविधिकले बढी बढी काम हेर्नु पर्ने हुँदा प्राविधिकहरूलाई पनि धेरै गाह्रो छ । विभागको मात्र नभई अन्य कुनै पनि निकायबाट हुने काममा निवेदकको माग अनुसार प्राविधिक सहयोग दिने काम समेत विभागबाट गरिएको हुनाले भएको प्राविधिक जनशक्तिलाई कामको बोझ धेरै छ । यसको साथै परम्परागत शिप जान्ने दक्ष कालीगढहरू र परम्परागत निर्माण सामग्री तयार गर्ने कालीगढहरू पनि कम भएकोले त्यो समस्या आफ्नै ठाउँमा छ । पुरातत्त्व विभागले स्थापना कालपछि धेरै समयसम्म नगन्य रूपमा स्मारकहरूको संरक्षण कार्य गर्दै गरेको र सन् १९७३ देखि मात्र पहिलो पटक पुरातात्त्विक मापदण्ड अनुसार युनेस्को र पुरातत्त्व विभागबाट जीर्णोद्धार कार्य सुरू गरेको हो । त्यसबखत कालिगढहरू र परम्परागत निर्माण सामग्री तयार गर्ने कालिगढहरू कम भएको कारण शिप हराउँदै जाने डरले जीर्णोद्धार प्रक्रिया बारे Guide Book को रूपमा एउटा पुस्तक पनि तयार गरिएको थियो । जुन पुस्तक संरक्षण कार्यको लागि एउटा आधार रहेको छ । तुलनात्मक रूपमा हेर्ने हो भने अहिले जीर्णोद्धार कार्य बढ्दै गएको सन्दर्भमा यस क्षेत्रमा काम गर्ने कालीगढहरू सामान्य रूपमा बढेको देखिन्छ । यो शिपलाई निरन्तर दिनु पनि एक प्रकारको सम्पदा संरक्षण कार्य नै भएकोले श्री ५ को सरकारबाट यस प्रकारको शिप जान्ने दक्ष कालीगढहरूलाई

विशेष सुविधा दिनु आवश्यक छ ।

३) कार्यान्वयन पक्षः- स्मारक संरक्षण गर्दा विभागका प्राविधिक संलग्न भएका कार्यहरू मापदण्ड अनुसार संतोषजनक रूपमा भएको छ । अन्य निकायहरूबाट गरिने काममा पुरातात्त्विक मापदण्डलाई भन्दा पनि सजावटमा बढी ध्यान दिएको पाइएको छ । साथै काठ, चुना सुर्खी भन्दा डण्डी, सिमेन्ट बलियो हुन्छ भन्ने धारणा सत्य हो तर जुन आकर्षण काठ, ईटामा हुन्छ त्यो निश्चय पनि सिमेन्ट ढलानमा छैन भन्ने बारेमा बुझाउनु पनि धेरै गाऱ्हो छ । यसले गर्दा प्राविधिक रेखदेख गर्न पनि विभागलाई समस्या छ । दाताहरू ढुङ्गाको बदलामा Glazed टायल अथवा मार्वल लगाउने, झिंगटी राखे बलियो हुँदैन भनी ढलान गरी False झिंगटीको शो दिने, सुरक्षाको नाउँमा ग्रिल राख्ने आदि काम गर्ने परम्पराको विकास भइरहेको छ । मूर्ति अथवा देउतालाई ग्रिल भित्र राखेर मात्र सुरक्षित हुने होइन । पहिले जस्तै पाले, पहरा, सुसारे आदिको व्यवस्थालाई दुरूस्त राख्न सकेमा मन्दिरहरू ग्रिल लगाई मूर्तिलाई जेलमा राखे जस्तो राख्नु पर्ने स्थिति आउने थिएन । यसको लागि सम्बन्धित स्मारकहरूको चल अचल सम्पत्तिको लेखा जोखा गरी त्यसको पूर्ण सदुपयोग गर्न सबै लाग्नु पर्ने हुन्छ ।

जनसहभागितामा गरिने कामलाई बढी प्राथमिकता दिने श्री ५ को सरकारको नीति भए पनि त्यसको प्रतिफल सन्तोषजनक छैन । जनसहभागिताबाट काम गर्ने भनेको विभागको प्राविधिक रेखदेखको साथै स्थानीय जनता र श्री ५ को सरकारको संयुक्त लागनीबाट काम गर्ने हो । यो गर्नुको मुख्य उद्देश्य स्थानीय जनताहरूमा जिम्मेवारी बोध होस् र रेखदेख राम्रो होस् भन्ने उद्देश्य हो । यसरी गरिने कामहरू कुनै ठाउँमा राम्रोसंग र कुनै ठाउँमा त्यति सन्तोषजनक ढंगबाट काम भएको पाइएको छैन । तर जे भए तापनि सम्पदा संरक्षण गर्ने काम कुनै एउटा निकायको होइन, यसलाई समष्टिमा गर्नु पर्छ र सबैको सहयोग चाहिन्छ । सबै भन्दा बढी यस बारे प्रशस्त मात्रामा जनचेतना हुनुपर्छ र खासगरी यसमा संलग्न व्यक्तिहरू यस प्रति निष्ठावान र सक्षम (Sincerity and Credibility) हुन अति आवश्यक छ ।

अन्तमा हाम्रो संस्कृति सम्पदा हाम्रो गौरवको विषय हो । यसको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गर्नु सबैको दायित्व तथा कर्तव्य हो । यिनीहरूको संरक्षण सम्वर्द्धनबाट एकातिर राष्ट्रको अमूल्य निधिको जगेर्ना हुन्छ भने परोक्ष रूपमा पर्यटन उद्योगलाई टेवा पुऱ्याएको हुन्छ । तर विभागसंग भएको सीमित साधन र श्रोतले गर्दा अपेक्षा गरे अनुसार कार्य गर्न सकिएको छैन । दातृ संस्थाहरूको समेत आर्थिक तथा प्राविधिक सहयोगमा जीर्णोद्धारको पनि काम भएको छ तर जहिले पनि दातृ संस्था प्रति उन्मुख भएर बस्नु पनि राम्रो होइन । आफ्नो स्मारकहरूको संरक्षण गर्ने क्षमता आफैमा वृद्धि गर्दै जान सकेमा मात्र यो टिकाउ हुन सक्दछ । जे भए तापनि हाम्रो सम्पदा भनेको हाम्रो सबैको साझा सम्पत्ति हो । यसको संरक्षण तथा सम्वर्द्धनमा सबैको सहभागिता हुनु आवश्यक छ ।

प्रधानमन्त्री जंगबहादुर राणाको समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

(गतांकको बाँकी)

नीयाको तुलाकोट किय्यानी यानीका कुरालाई वढीयामर्जि भै आयेछ जिहजु
रमा आर्जिचुह्राईविंतिगर्न्यामानिस आइपुग्या पछि यहीहुन्या पाठसंग व
न्दोवस्त गर्न्या काम गरौंला फुगावाट श्रीजनरल भाई वाट आयाको चिठी पठा
इवक्सनुभयाको आइपुगी सवैविस्तार वुझ्यां यालीमोहर गोरा २३ पठाइदिनु
भैन्या मर्जि वमोजिम यसै चिठीसंगमा चह्राइ पठायाका छन् दाषील हुनन् जे
गीअसवाप १० हजार-जस्ता २२ हजार सिसा आठसये मंडी २० हजार धानि फला
म जगाजगामा वाकि छन् भनी साहु धर्मनारानले विंती गर्याका कुरालाई
हेटौंडा सम्म ल्याउनाको कवुल धर्मनारानले गर्याको छ हेटौंडादेषी आहा-
फि काउनालाई र जस्या पाठले होला नरनाकी नगरि फिकाउन्याकाम गरौंला
मैसाल्मीलाइ धर्मनारानका सत्वाह संग काम लाउनु अरु टंटा न लाउनु भनी
मर्जि भै आयाका कुरालाई वढीयामर्जि भै आयेछ धर्मनारानको चित्त वुझाई
वन्दोवस्त गरौंला तुलो वंदुक अद्याउन्या फलामको म्यातार काठ कालिज निज्ञा
येलन्या दावली पठाइदिनु भनि मर्जि भै आयाका कुरालाइ फलामका ठुलापा
ता २ असि चह्राइ पठायाको हो काठ र निज्ञा कालिज येलन्या दावली भोला चह्रा
इ पठाउन्या काम गर्छौं कपतान करवीर खत्रीले उतान्याको छापाको फर्द चह्रा
ई पठायाको छ शुभम्

जेष्ठ वदी १२ रोज १ मा

नरेल वयत्मा श्रीप्राइम मिनिष्टर वाट श्रीमिनिष्टर जनरललाई लेषी आयाको ज
गाजगामा रसद को ताकीतालाई पल्टनका पट्टी अघई पठाउन्या काम गर रसदला
ई पल्टन जादा उर्दि कवायेत वंदगर्न्या काम वंदुक जाच्न्या ताराहीन माफ गर्न्या
रात विरात कारवन लाई अदालतको कैपनी ठानाटोल येलका नेवार हरुलाइ
रात्तिरवन्द घुमन लाउन्या काम वढीयागर्याछौ मधेसको रसद फुगाकि ध्वा
मार केरु सम्म दाषील हुन्याकाम मातत पर चाडोगर्यामा मवडन सुसह्न्या

छुयोरसद आहादा षोल भयाथ्यो तामहाँ त्रसिकन्या र वेडुकञा चन्याकाम:
गर्नैला दर्वारमा हेर्चाहगर्न्या र थापाथली घरमा हेर्चाहगर्न्या कम वेसग
न्याछौं कुगावाट कीछा भाईले पठाइदियाको चिठी रक्षासा कुतीतर्फ कोवा
गवेहोराका चिठी कोवे जिनिस सवै ताहा पठाइदियाको छ वुझौला ताहावाट
लिखिलाई र वलौंचुड लाई कुगा पुग्या पछी लेषी पठाउला र टिगरिहान नदी
गरिहान भन्या मेरो चिठी नगै नहानु र रसद षजाना प्रसस्त भरिराष भन्या
लेषी पठाउं ताहावाट पठाइदियाको ठाउंठाउंको हाजीरि र रोजको षेषवर
को फर्द आइपुग्यो श्री रैफल लेटरपल्टन २ रसद वोकनालाई आहाराष्याकेर
हेछ मैले कुगा जादा पल्टनली जानु पर्यो हो भन्यानिमित्त ई २ पल्टनलाई स
थैलैजाँछु मेजर कपतान दलजीत विष्ट कपतान मलेजङ पाडे नन्दराम छु
ग्याल् भैस्यामारुस्याका थिया आहाको वन्दोवस्त वांधी मलेजङ पाडे छुग्याल वाहा
वष्यु मेजर कपतान दलजित विष्टले रसुवाका रसद ज्याला मजुरी अरू पल्टनका
पिपा स्तात लगाइ चाडो रसद वोकाउनु भनी अह्राइलेषन्याका मगान्या ताहावाट
कपतान मलेजङ पाडे र छुग्याल हरूलाई मद्दत दीपठाउटै गर्नुकाम स्याकु:
वागर्ला शुभम्

ज्येष्ठवदी १२ रोज १ मा

तसै वषत्मा श्री प्राइम मिनिष्टर वार श्री जनरल धीरसम्सेर जङ कुवर राणाजी:
लाई लेषी पठायाको धुंच्यामा २।३ दिन वसी पल्टन र षलासी पीपा भरिया समेत
लाइ १४।१५ दिन सान पुग न्या गरि रसद चलान गर्नाको वंदोवस्त वाधी आहावा
ट कुचगरि सुनागुस्वाहीं न्याकाम गरौला भन्या विस्तार लेष्याछौ मपनी जेठका
२ दिन जादा सोमवारका दिन कुगा कि छ्यामा पस्या मेरो मायेतद्ध नसदिन पुगन्य
छु कुगामा टिगरि तरफवाट आयाका चिठी को विस्तार सवै माहीला भाईलाई प
ठाइदियाको छ उनैवाट विस्तार वुझौला शुभम्

ज्येष्ठ वदी १३ रोज २ मा

तसैबिचमा श्री मिनिष्टर जनरलबाट श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणा
जी लाई लेषी गयाको आज्ञा मसँग ५ पल्टन् छन् इनलाई रसद बोकाउँको अघी
बकाइ लडुन् २८ दिन जादा सुनागुम्वा हान्नु भनी श्री प्राइम मिनिष्टर दा ज्यैज्यू
बाट मर्जि भयाको थियो कुतीमा भन्या पल्टन र खलासी पीपा लाई १०।१५ दिनको
रसद ज्मा भयाको छैन सुनागुम्बा चाडो न हान्या मैजुर पर्न्या छैन पाहड कारौति
हरूलाई गुमथान लिखि छ्या यारेको गोदामको रसद कुती पुऱ्याउनु भन्या वन्दो
वस्त गरि बक्स्या या ना पिनामा फौज मर्न्या छैन भंन्या विस्तारले ष्याका अर्थ पाहा
ड कारौतिहरूलाई गुमथान लिखिछ्या सि यारेयारे का गोदाम कोरसद कुती पु
ऱ्याउन्या वंदोवस्त गर्न्या काम गर्नु येही वेहोरा गर्नु भंन्या करौलि उमाकान्त सा
पकोटा लाइ पनी लेषी पठाउन्या काम गऱ्यां तिमी ले पनी ताकीताग रि वंदोव
स्त गर्न्या काम भया वढीयाहोला रसद ज्मा भै सुनागुम्बा हान्या कुरा लाई श्री
प्राइम मिनिष्टर दा ज्यैज्यू संग साथी पठायाको छ जो मर्जि भै आउला सो वमोजि
म लेषी पठाउन्या काम गरौंला बाकी सिपाही हरूलाई जरो आउँदा सुसार उन्या
औसधी ठुलाकमा पठायाको छ पुग्ला भोट बाट आयाको भोट बाट आयाको भो
ट्या अक्षर को चिठी पठाया कारखाछ्यौ आइपुग्या उतार्न लायाको छ पछी तेस्को
वेहोरा लेषी पठाउन्या काम गरौंला शुभम्

ज्येष्ठ वदी १३ रोज ३ मा

तसैबषत्मा श्री मिनिष्टर जनरलका हजुरमा कम्यांडर कर्नेल सनक सिं षत्रीले च
हाइ पठायाको स्याफ्रु देषी लामबाघी उगा सम्म पुगी श्री जनरल साहेब का ह
जुरमा हाजीर भञा येक दिन मुकाम भयापछि भोली पल्ट रसद चलाउनाला
ई लाम बाधन मानिस पुगेन र श्री प्राइम मिनिष्टर साहेबका हजुरमा विन्तिच

छाई श्रीजनरलसाहेव वाट रमटको लाम वाधनालाई वक्स्याका पल्टन अला
सी पिपा गोर्खाली फुगा देखी लाम वाधे जष्ट वदी १२ रोज २ का दिन रसुवा आइपु
ग्दा श्रीप्राइममिनिष्टर साहेवसँग भेट भै येकरात वही मुकाम गरि भोलिप
ल्ट फुगा तर्फ पाउलागनु भयो फुगा किल्ला मा भोट्याहरु भागदा कोही नुर रह्या
को रहेछ रसुवामा रह्याको पल्टन अलासि पिपा गोर्खालाई तही श्रीजनरलसाहे
व वाट जनै ११ माना वाडी वक्सनु भयो वाकि नेपाल वाट भुजाना वोकी जान्यावी
वाला लाई वोकाइ नेपाल लैजानु भनि पठाइवक्सनु भयाका श्रीप्राइममिनिष्ट
र साहेव वाट आहापाइ वक्सनु भयार अघी फुगा मा पाउन्या वाहेक येमतरफर
ह्याका पल्टन अलासी पिपा गोर्खालाई जनै ११ मानानुन वाडी दिनु नेस्कोप सलि
नु पर्दैन भनी मलाई मर्जि भै पाउलागनु भयो आहानुनको भारि आइपुग्याको
छैन आइपुगनी विति के वाडी दिन्याका मगरोला रम चलाउन अडैपिद्दै ला
म वाधी याको फर्द चढाइ पठायाको छ नजर भेजाइ रह्याला ठुलोकालिवम दि
गोडियर मेजर कप्तान मतारामसत्रीले ल्याउ याको ग्र्यांफेडीमा पहरामा वना
याको वाटो भन्की वम वोकन्या अलासी जना ५ सही गीगामा पर्याको पतैल
गन १ जना घाइत्या भयाको पाइयार वोकाइ लग्या वम भन्याके रै उकल्ये

थाम भित्रको

स्वस्तिश्री मद्राजकुमार कुमारात्मज श्रीप्राइममिनिष्टर वाट कम्यांडर कर्णैल
सनक सिं खत्री लाइ लेखि पठायाको फुगा देखी माथी १५ दिनको वाटो यत्तिल
रकर च्युरा सत्तु पुगन्या गरि चाडो तयार गर्न्याका मगर फुगा पुग्याका ७ दिन प
छि माथी गिरवठन्याका मगरदौ फुगा मा वस्न्या लाइर चावलैले डन्याछ ७ दिनप
छि गोर्खा पल्टन ले सत्तु चावल च्युरा वोकन्या ज्यालादारि सिपाही पिपा का तजवी
ज गरि पुगन्या वेहोरा वाधे ज्येष्ठ शुदी १ रोज ७ शुभम्

फुगादेवी मनि ४५ कोस मा अडा —— १ पट्टी ११
श्री भैरवनाथ पल्टन् का पट्टी —— १०
ऐ —— कापिपा पट्टी —— १

घार्मा गाउ मा अडा —— १ पट्टी ९
श्री गोरखनाथ पल्टन् १ का पट्टी —— ८
ऐ —— कापिपा पट्टी —— १

तासि गाउ का अडा —— १ पट्टी ११
पुराणा गोरख —— १ पट्टी १०
ऐ —— कापिपा पट्टी —— १

गुडागढी का अडा —— १ पट्टी ११
सर्व धोज पल्टन —— १ पट्टी १०
ऐ —— कापीपा पट्टी —— १

लुङ्डा अडा —— १ पट्टी ८
श्री सिंहनाथ पल्टन —— १ पट्टी ७
ऐ —— कापीपा पट्टी —— १

कुकुरघाट माथी अडा —— १ पट्टी ११
श्रीनाथ पल्टन् —— १ पट्टी १०
ऐ —— कापिपा पट्टी —— १

तोटी अडा मा —— १ पट्टी ११
जंगनाथ पल्टन् —— १ पट्टी १०
ऐ —— कापिपा पट्टी —— १

ABOUT THE AUTHORS

Mr. Neel Kamal Chapagain — Architect, Sanday Kentro Associates.

Mr. Ram Bahadur Kunwar — Excavation Officer, DoA.
in Collaboration with
Mrs. Basanti Basnyat — Library Assistant, DoA.
Mrs. Mangita Shrestha — Field Assistant, DoA.

Mrs. Shobha Shrestha — Chief Research Officer, DoA.

का. मे. अ. द. नं. ८/६८,   हु. द. स. बा. अ. नं. २/०२३

"**प्राचीन नेपाल**" का निमित्त प्राग्-इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयको सम्वन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हुनेछ ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of art work are invited to **"Ancient Nepal".**

The contribution should be concise and well-documented and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the Editor or The Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal